धरान उपमहानगरपालिका, नगर कार्यपालिकाको कार्यालय सुनसरी, प्रदेश नं. १, नेपाल

नगर कार्यपालिका वैठक,वैठक संख्या ३/०७९/०८०

आज मिति २०७९ साल भाद्र २३ गते, विहिबार दिनको २.०० बजे धरान उपमहानगरपालिकाको नगर कार्यपालिकाको वैठक नगर प्रमुख श्री हर्क राज राईज्यूको अध्यक्षतामा देहाय बमोजिमको उपस्थितिमा बस्यो ।

उपस्थिती:

| क्र.स. | नाम | पद | वडा | दस्तखत |
|---|---|---|---|---|
| १. | श्री हर्क राज राई | प्रमुख | धरान उपमहानगरपालिका | |
| २. | श्री अइन्द्र विक्रम बेघा | उप-प्रमुख | धरान उपमहानगरपालिका | |
| ३. | श्री यज्ञमणि आचार्य | वडा अध्यक्ष | धरान-१ | |
| ४. | श्री रमेश राई | वडा अध्यक्ष | धरान-२ | |
| ५. | श्री विद्या शाक्य | वडा अध्यक्ष | धरान-३ | |
| ६. | श्री धनबहादुर राई | वडा अध्यक्ष | धरान-४ | |
| ७. | श्री मन प्रसाद लिम्बु | वडा अध्यक्ष | धरान-५ | |
| ८. | श्री भुपेन्द्र भट्टराई | वडा अध्यक्ष | धरान-६ | |
| ९. | श्री जीवन राज सुवेदी | वडाअध्यक्ष | धरान-७ | |
| १०. | श्री धन बहादुर राई | वडा अध्यक्ष | धरान-८ | |
| ११. | श्री रुपेश आचार्य | वडा अध्यक्ष | धरान-९ | |
| १२. | श्री विवेक राई | वडा अध्यक्ष | धरान-१० | |
| १३. | श्री लोकेन्द्र कुमार फागु | वडा अध्यक्ष | धरान-११ | |
| १४. | श्री टंकबहादुर राई | वडा अध्यक्ष | धरान-१२ | |
| १५. | श्री नेत्र प्रसाद काफ्ले | वडा अध्यक्ष | धरान-१३ | |
| १६. | श्री कृष्ण प्रसाद भट्टराई | वडा अध्यक्ष | धरान-१४ | |
| १७. | श्री नरेश ईवारम | वडा अध्यक्ष | धरान-१५ | |
| १८. | श्री मुरारी प्रसाद भट्टराई | वडा अध्यक्ष | धरान-१६ | |
| १९. | श्री सुर्यबहादुर भट्टराई | वडा अध्यक्ष | धरान-१७ | |
| २०. | श्री नरेन्द्र कुमार राई | वडा अध्यक्ष | धरान-१८ | |
| २१. | श्री पूर्ण बहादुर लिम्बु | वडा अध्यक्ष | धरान-१९ | |
| २२. | श्री पदम बहादुर लिम्बु | वडा अध्यक्ष | धरान-२० | |
| २३. | श्री सावित्रा परियार दर्जी | नगर कार्यपालिका सदस्य | धरान-८ | |
| २४. | श्री विनिता बज्राचार्य | नगर कार्यपालिका सदस्य | धरान-१२ | |
| २५. | श्री सिर्जना नेपाल | नगर कार्यपालिका सदस्य | धरान-१५ | |
| २६. | श्री रविन गुरुङ्ग | नगर कार्यपालिका सदस्य | धरान-११ | |
| २७. | श्री देवी माया विश्वकर्मा | नगर कार्यपालिका सदस्य | धरान-६ | |
| २८. | श्री दिनेश विश्वकर्मा | नगर कार्यपालिका सदस्य | धरान-१५ | |
| २९. | श्री अनुप देवान | नगर कार्यपालिका सदस्य | धरान-१२ | |
| ३०. | श्री विकास भाटी | नगर कार्यपालिका सदस्य | धरान-९ | |
| ३१. | श्री उद्धव प्रसाद रिजाल | प्रमुख प्रशासकीय अधिकृत(सचिव) | धरान उपमहानगरपालिका | |

| क्र.सं. | नाम | पद | वडा | दस्तखत |
|---|---|---|---|---|
| १. | | | | |
| २. | | | | |
| ३. | | | | |

विषयहरुः

१. **बैठकको गणपुरक संख्या सम्बन्धमाः–**

यस उपमहानगरपालिकाको कार्यपालिकामा जम्मा सचिव सहित ३१ जना सदस्य रहेकोमा आजको बैठकमा जम्मा ३० जना सदस्यहरूको उपस्थित रहेकोले गणपुरक संख्या पुरा भएको हुदाँ अध्यक्षवाट बैठक सुरु भएको जानकारी बैठकमा गराउनु भयो ।

२. **अघिल्लो कार्यपालिका बैठकको निर्णयहरुको कार्यान्वयनको समिक्षा सम्बन्धमा :–**

यस भन्दा अघि २०७९ श्रावण २५ गते कार्यपालिकाको वैठक वसेको वैठकबाट १७ वटा निर्णय भएको थिए । केहि निर्णयहरु कार्यान्वयन हुदै गरेको अवस्था पाइयो । जसमध्ये पूर्ण कार्यान्वयन भइसकेका EBPS बारे जानकारी दिइयो ।

३. **भूमिहिन दलित, भूमिहिन सुकुम्बासी र अव्यवस्थित बसोवासीको बस्तीको तहगत क्षेत्र निर्धारण सम्बन्धमा ।**

धरान उपमहानगरपालिका वडा नं. ४ र वडा नं. २० ग्रामिण क्षेत्र त्यस्तै वडा नं. १३ को सुर्यमार्ग गुर्दुम डाडा, गौरा मार्ग, शुभ-स्वस्तिका मार्ग र सारङ्गा ग्रामिण क्षेत्र ।वडा नं. ५ का माछामारा, मुक्तिला, माथिल्लो निशान डाडा, तल्लो निशान डाडा र कागुने ग्रामिण क्षेत्र । वडा नं. १७ को पटनाली वडा नं. ५ को बाँकि भाग र ६ को सबै भाग सहर उन्मुख क्षेत्र ।माथि उल्लेख गरे भन्दा बाहेकमा धरान उपमहानगरपालिकाका वडा नं. १,२,३,७,८,९,१०,११,१२,१३,१४,१५,१६,१७,१८ र १९ शहरी क्षेत्र हुने निर्णय गरियो ।

४. **१३ नं. वडा राई टोलमा ३० परिवार भूमिहिन सुकुम्बासी र अव्यवस्थित बसोबासीको नामावली स्वीकृत गर्ने सम्बन्धमा ।**

धरान उपमहानगरपालिकामा भूमिहिन दलित, भुमिहिन सुकुम्वासी र अव्यवस्थित वसोवासीको लगत संकलन फारम प्रविष्टि भई १३ नं. वडामा मिति २०७९/०५/०७ गते भूमिहिन दलित, भूमिहिन सुकुम्वासीको लागि दावि विरोध गर्ने ७ दिने र अव्यवस्थित वसोवासीका लागि दावि विरोध गर्ने सूचना प्रकाशन भै सकेको र पहिलो चरणमा १३ नं. वडा स्थित राई टोलका ३० घर परिवारको नामावलीको विवरण वडा स्तरीय सहजीकरण समितिले स्वीकृतिका लागि पेश गरेको र नगर स्तरीय सहजीकरण समितिले आवश्यक छानविन गरी नामावली सहितको विवरण कार्यपालिकाकाबाट स्वीकृतिका लागि सिफारिस गरिएकोले पहिलो चरणमा राई टोलका ३० घर परिवारको नामावली सहितको विवरण स्वीकृत गर्ने र अन्य बाँकि कामको हकमा सहजीकरण समितिको सिफारिसमा क्रमश प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।

५. **राष्ट्रिय भूमि आयोग, जिल्ला समिति सुनसरीमा स्वीकृत नामावली पठाउने सम्बन्धमा।**

मिति २०७९/०५/२३ गते कार्यपालिकाबाट स्वीकृत भएको धरान उपमहानगरपालिकाको राई टोलको ३० घर परिवारको भूमिहिन दलित, भूमिहिन सुकुम्वासी र अव्यवस्थित बसोवासीको नामावली प्रमाणिकरण गरी राष्ट्रिय भूमि आयोग सुनसरीमा पठाउने निर्णय गरियो । अन्य बाँकि कामको हकमा सहजीकरण समितिको सिफारिसमा क्रमश प्रमाणिकरण गरी पठाउने निर्णय गरियो ।

६. **बाटो निर्माण तथा मर्मत सम्भारका लागि उपकरण सहितको समयन्त्र खडा गर्ने सम्बन्धमा ।**

यस धरान उपमहानगरपालिका अन्तर्गत रहेका क्षेत्रहरुमा रहेका बाटो निर्माण तथा मर्मत सम्भार लगायतका काम गर्न उपकरण सहितको महाशाखा/कार्यशाखा खडा गर्ने निर्णय गरियो ।

७. **एक वडा एक पुर्वाधार कार्यक्रम कार्यान्वयन सम्बन्धमा ।**

धरान उपमहानगरपालिकाको आ.व. २०७९/८० को वजेट उपक्षेत्र भवन आवास तथा शहरी विकासको सि.न. १३ र १४ मा उल्लेखित एक वटा एक पूर्वाधार कार्यक्रममा विनियोजित रु. १ करोड ९० लाख कार्यान्वयन गर्ने सिलसिलामा वडागतरुपमा टुक्राउनु पर्ने भएको हुनाले वडाको अवस्था अनुसार वडा सिलिंग संलग्न सूचि बमोजिम बाडँफाड गर्ने निर्णय गरियो ।

वडागत सिलिंग बमोजिम सम्बन्धित वडा कार्यालयको सिफारिसका आधारमा भौतिक पूर्वाधारसंग सम्बन्धित योजनाहरु मात्र कार्यान्वयन गर्ने निर्णय गरियो ।

८. **वडा नं. २० देवी गाउँ सर्दु खोला पारीको क्षेत्रलाई नगर औधोगिक ग्राम घोषणा गर्ने सम्बन्धमा ।**
धरान उपमहानगरपालिका वडा नं. २० विष्णुपादुका जाने मोटरेवल पुल छेउ सर्दु खोला पारीको उत्तर तर्फ विष्णुपादुका मार्ग, दक्षिण तर्फ सर्दु खोला, पूर्व तर्फ सर्दुखोला, पश्चिममा देवी गाँउ देखि भित्र पर्ने स्थानलाई नगर औधोगिक ग्राम घोषणा गर्ने निर्णय गरी उद्योग निर्माण प्रक्रिया अघि बढाउने निर्णय गरियो ।

९. **भू-उपयोग क्षेत्र वर्गीकरण सम्बन्धमा ।**
यस उपमहानगरपालिका भित्र रहेका सम्पूर्ण भू-भागहरु गैर कृषि र कृषि क्षेत्र निर्धारण सम्बन्धमा सबै वडा कार्यालयहरुले आफ्नो वडा लाई गैर कृषि क्षेत्र घोषणा गर्ने कायम प्रस्ताव गरिएको व्यहोरा उल्लेख गरी १५ दिनको सूचना प्रकाशन गर्ने र उक्त सूचनाको अवधि भित्र कसैले कृषि क्षेत्र नै कायम गरिपाउँ भनि जानकारी गराएमा निजको कित्ता नं. समेत स्पष्ट खुलाइ कृषि क्षेत्र र बाँकि अन्य क्षेत्रलाई गैर कृषि क्षेत्र हुने गरी सिफारिस गर्ने ।

१०. **फुटपाथ व्यवस्थापन सम्बन्धमा ।**
धरान उपमहानगरपालिकाको फुटपाथ व्यवस्थापन सम्बन्धी छलफल गर्दा धरान उपमहानगरपालिकाको बजार क्षेत्रमा सडक, सडक पेटी सर्वाजनिक स्थल, चौक घुम्ती मोड तथा निशेधित क्षेत्रमा सबै प्रकारका सवारी साधन, ठेला र रिक्साको अव्यवस्थित पार्किङ तथा अनाधिकृत रुपमा मालसामानहरु राखी खरिद तथा विक्रि वितरण गर्दा शहरको सौन्दर्यता विग्रिनुको साथै ट्राफीक व्यवस्थापनमा ठुलो समस्या परेको, दुर्घटना बढेको र त्यस्ता अनाधिकृत फुटपाथ हटाउनका लागि नगरपालिका, नेपाल प्रहरी, ट्राफिक प्रहरी सम्बन्धित वडा कार्यालय लगायतका सरोकारवाला निकायहरुको सहयोग, समन्वय र सहकार्यमा हटाउने निर्णय गरियो । साथै बजार क्षेत्रमा चल्ने मालवाहक सवारी साधनहरुले व्यस्त राजमार्गमा समेत सवारी आवगमनलाई बाधा पुर्‍याइ आफुखुसी सामान लोड अनलोड गर्ने गरेको व्यापक जनगुनासो समेतलाई हेरी राजमार्ग क्षेत्रमा विहान ८ बजे भित्र र वेलुका ६ बजे पछाडि मात्र लोड अनलोड गर्ने व्यवस्था मिलाउँने निर्णय गरियो ।

११. **कवाडि व्यवसाय व्यवस्थापन सम्बन्धमा ।**
धरान उपमहानगरपालिका क्षेत्र भित्र सञ्चालन भै रहेका सबै कवाडी व्यवसायहरुलाई नगरका मुख्य शहरी क्षेत्र भन्दा वाहिर वडा नं. ५, ६, ८, ११, १५, १७, १९ मा रहेका खालि स्थानहरुमा स्थानान्त्रण गरी व्यवस्थापन गर्न माथि उल्लेखित वडाहरुमा वस्ती भन्दा १०० मिटर टाढा हुने गरी ३ महिना भित्र स्थानान्त्रण गर्ने व्यवस्था मिलाउने । साथै नयाँ व्यवसाय दर्ता हुन आउँदा सोहि ठाँउमा सञ्चालन गर्न अनुमति दिने व्यवस्था गर्ने ।

१२. **होटल रेष्टुरेन्ट सम्बन्धी मापदण्ड सम्बन्धमा ।**
नगर क्षेत्रमा सञ्चालनमा रहेका होटल रेष्टुरेण्ट व्यवसायलाई थप व्यवस्थित, मर्यादित र सुरक्षित बनाई सञ्चालन गर्न मापदण्ड निर्धारण गरी प्रभावकारी रुपमा कार्यान्वयन गर्नुपर्ने भएकोहुँदा होटल रेष्टुरेण्टको वर्गिकरण सम्वन्धमा पेश भएको मापदण्ड सरोकारवालाहरु सँग छलफल तथा अध्ययन गरी ७ दिन भित्र सुझाव पेश गर्न तपसिल अनुसारकको समिति गठन गर्ने र उक्त समितिको सुझाव सहित स्वीकृतिका लागि कार्यपालिकामा पेश गर्ने निर्णय गरियो ।

क. संयोजक- रमेश राई- वडाध्यक्ष, वडा नं. २
ख. सदस्य- विवेक राई- वडाध्यक्ष, वडा नं. १०
ग. सदस्य – नरेश कुमार इवारम, वडाध्यक्ष वडा नं. १५
घ. सदस्य- दिनेश विश्वकर्मा, कार्यपालिका सदस्य
ङ. सदस्य- सृजना नेपाल, कार्यपालिका सदस्य
च. सदस्य- विष्णु प्रसाद कोईराला, नगर प्रहरी निरिक्षक
छ. सदस्य सचिव- आर्थिक विकास महाशाखा प्रमुख

१३. वडा न ४ मा स्वास्थ्य सामाग्री ढुवानीको भाडा सम्बन्धमा ।

धरान उपमहानगरपालिका वडा नं. ४ हर्दियामा रहेको स्वास्थ्य केन्द्र जाने बाटोको अवस्था नाजुक भएकाले उक्त स्थानमा सामाग्री ढुवानीका लागि वडा कार्यालयको सिफारिस बमोजिम ढुवानी भाडा निर्धारण गर्ने ।

**१४. विद्यालयको नाम परिवर्तन सम्बन्धमा ।**

धरान उपमहानगरपालिका वडा नं. १२ मा सञ्चालनमा रहेको हिमालयन बोर्डिङ स्कुलले विद्यालयको नाम परिवर्तन गरी **धरान मेघा हिमालयन स्कुल** राख्न कम्पनी रजिष्टरको कार्यालयबाट समेत कम्पनीको प्रबन्धपत्र र नियमावलीमा संशोधन गरी सम्बन्धित वडा कार्यालयको सिफारिस सहित आवेदन पेस गरेकाले कम्पनीको प्रबन्धपत्र र नियमावलीमा भएको संशोधन अनुसार नाम परिवर्तन गरी **धरान मेघा हिमालयन स्कुल** राख्ने निर्णय गरियो ।

**१५. OJT सम्बन्धी तालिमका लागि विषयवस्तु छनौट सम्बन्धमा ।**

दीगो तथा सम्मानीत रोजगारीका लागि सिप परियोजना (ENSSURE) दोस्रो चरणका कार्यक्रमहरु तर्फ आ.व. २०७९/८० मा धरान उपमहानगरपालिकामा कार्यगत अभ्यास (OJT) सहितको १० महिने तालिमका लागि ६० जना युवाहरुका लागि (एक समुहमा २० जना रहने गरी) कार्यक्रम तथा बजेट प्राप्त भएकोमा स्थानीय श्रम बजारको माग समेतलाई दृष्टिगत गरी हाल प्राप्त CTEVT को तह २ का पाठ्यक्रमहरु मध्ये १३ वटा(प्लम्बर, विल्डिङ्ग इलेक्ट्रिसियन, कुक, मेसन, मोटरसाईकल मेकानिक्स, वेल्डर, लाइट भेइकल मेकानीक्स, आल्मुनियम फेब्रीकेटर, कार्पेन्टर, LED /LCD/TV रिपियर टेक्निसियन, भेहिकल बडि रिपियर टेक्निसियन, टेलिकम टेक्निसियन, कम्प्युटर हार्डवेयर र नेटवर्क टेक्निसियन) देहायका विषयहरुमा ३३ प्रतिशत महिला अनिवार्य सहभागिता हुने गरी तालिम सञ्चालन गर्ने निर्णय गरियो ।

क. विल्डिङ्ग इलेक्ट्रिसियन विषयमा २० जना ।

ख. मोटरसाईकल मेकानिक्स विषय २० जना ।

ग. आल्मुनियम फेब्रीकेटर विषय २० जना ।

**१६. बाटोको नाम कायम सम्बन्धमा ।**

धरान उपमहानगरपालिका वडा नं. ११ बस्ने राजु मानन्धर समेत ८ जनाले बाटोको नामाकरण तथा मापदण्ड कायम गरिपाउँ भनी दिनु भएको निवेदन सम्बन्धमा प्राविधिकबाट पेश भएको स्थलगत प्रतिवेदन तथा सम्बन्धित शाखा, महाशाखाको राय अनुसार देहाय बमोजिमको बाटोको नामाकरण तथा मापदण्ड कायम गर्ने निर्णय गरियो।

| वडा नं. | प्रस्तावित बाटोको नाम | प्रस्तावित बाटोको मापदण्ड | देखी | सम्म |
|---|---|---|---|---|
| ११ | कृष्णभक्त मार्ग | २० फिट | विकास मार्ग देखी पुर्व तर्फ | कि.नं. ३०७०, ३०३८ को पुर्व उत्तर कुना सम्म |

**१७. कान्जी हाउस निर्माण गर्ने सम्बन्धमा ।**

कान्जी हाउस निर्माण सम्बन्धमा छलफल हुँदा उपयुक्त ठाँउ खोजी गरी आगामी वैठकमा पेश गर्ने निर्णय गरियो ।

**१८. विविध ।**

**क. सम्पत्ति व्यवस्थापन सम्बन्धमा ।**

नेपालका सरकारी निकायहरुले सार्वजनिक तथा अन्य अचल सम्पत्तिहरुको अभिलेख तथा सोको दीगो व्यवस्थापनको कार्ययोजना तयारी गर्ने प्रचलन नरहेकाले सम्पत्तीहरुको दीगो व्यवस्थापनका लागि संयुक्त राष्ट्रसंघीय पूँजी विकास कोष (UNCDF) को सहयोगमा धरान सहित नेपालका ६ वटा नगरपालिकाहरुमा उक्त कार्य हुने भएकाले यस नगरपालिकाको सबै भन्दा बढी लगानी भएको सम्पत्ती सडक तथा ढललाई

ख. कर छुट सम्बन्धमा ।

नेपाल खानेपानी संस्थानको नाममा रहेको जग्गाको स्वामित्व धरान खानेपानी व्यवस्थापन बोर्डको नाममा नामसारी गर्न सम्पत्ती कर चुक्ता माग गरेको हुँदा उक्त जग्गामा लाग्ने सम्पत्ती कर तथा शुल्क छुट गर्ने ।

**ग. बजार अनुगमनलाई प्रभावकारी बनाउने सम्बन्धमा ।**

चाडपर्व नजिकिदै जादा बजारका उपभोग्य वस्तुको मुल्य, तौल र गुणस्तरको सम्भाव्य जोखिमलाई न्यूनिकरण गर्न उद्योग वाणिज्य संघ, उपभोक्ता हित समुह, नागरिक समाज, प्रहरी तथा प्रशासन लगायतको सहयोग, समन्वय तथा सहकार्यमा बजार अनुगमनलाई प्रभावकारी बनाउने ।

**घ. खानेपानी मन्त्रालय र शहरी विकास मन्त्रालयबाट भईरहेको आयोजनाहरुको अध्ययनको जानकारी सम्बन्धमा**

ADB को सहयोगमा भएको कार्यक्रममा शहरी विकास मन्त्रालयबाट विभिन्न पूर्वाधार आयोजनाहरु तथा खानेपानी मन्त्रालयबाट खानेपानी आयोजना सञ्चालनका लागि भई रहेको अध्ययन बारे जानकारी भयो ।

**ङ. कार्यक्रम कार्यान्वयन कार्यविधि निर्माण सम्बन्धमा ।**

आ.व. २०७९/८० को वजेट कार्यक्रम कार्यान्वयन कार्यविधिहरुको तर्जुमा तयार गरी प्रमुख प्रशासकीय अधिकृत मार्फत पेश गर्न महाशाखाहरुलाई निर्देशन दिने निर्णय गरियो ।

**आजको बैठक ६:३० वजे समाप्त भयो ।**

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १ | सुदान राई | 19370/059/60,2059/08/15सुनसरी | जग बहादुर राई | धरान-13 | 0-0-10 धुर | ९८४२५२५७०९ |
| २ | सुधा राई | 19371,2059/08/15 सुनसरी | राज कुमार राई | धरान-13 | 0-0-3 धुर | ९८१५३८६४२२ |
| ३ | दिलिप कुमार राई | 3396/613,2055/07/24 सुनसरी | ध्यान बहादुर राई | धरान-13 | 0-0-6 धुर | ९८४२१६५७१४ |
| ४ | युबराज मगर | 3639/052/53,2052/08/18 सुनसरी | अमर बहादुर मगर | धरान-13 | 0-0-10 धुर | ९८०८७५५८६१ |
| ५ | कमल बहादुर राई | 2059,2044/10/03 उदयपुर | कृष्ण बहादुर राई | धरान-13 | 0-0-2 धुर | ९८१९३८२०७० |
| ६ | राजकुमार राई | 063001/126,2063/10/14 सुनसरी | जित बहादुर राई | धरान-13 | 0-0-15धुर | ९८१९३८४८३३ |
| ७ | खड्क बहादुर राना मगर | 1361/2196,2042/10/10 सुनसरी | अमर बहादुर राना | धरान-13 | 0-0-9धुर | ९८४२०३८१८१ |
| ८ | प्रकाश राई | 8728,2054/06/15 सुनसरी | नरहाङ राई | धरान-13 | 0-0-6धुर | ९८११३५१९२९ |
| ९ | हिमाल बहादुर राई | 3920,2046/03/31 सुनसरी | लाल बहादुर राई | धरान-13 | 0-0-3धुर | ९८२४३४३९५० |
| १० | लक्ष्मि देबि सिजालि | 57811863,2044/12/04 सुनसरी | कुल बहादुर मगर | धरान-13 | 0-0-10धुर | ९८०८७५५८३१ |
| ११ | ललित बहादुर राई | 4021,2046/03/31 सुनसरी | मनि हर्क राई | धरान-13 | 0-0-2.5धुर | |
| १२ | कर्ण बहादुर भुजेल | 19376/7272/044,2059/08/15सुनसरी | धमबहादुर भुजेल | धरान-13 | 0-0-4धुर | ९८०८७५५८३१ |
| १३ | तिलक बहादुर मगर | 06-02-72-02600,2072/09/14सुनसरी | सेर बहादुर मगर | धरान-13 | 0-0-4धुर | ९८०५३१७३७५ |
| १४ | चतुर माया राई | 3960,2046/03/31 सुनसरी | लाल बहादुर राई | धरान-13 | 0-0-5धुर | ९८०८७५५८३१ |
| १५ | राम कुमारी तामाङ | 23669/061,2061/04/11सुनसरी | धन बहादुर तामाङ्ग | धरान-13 | 0-0-5धुर | ९८४२४९१८७७ |
| १६ | शिब कुमारी तामाङ | 4149,2046/03/30सुनसरी | धन बहादुर तामाङ्ग | धरान-13 | 0-0-3.5धुर | ९८४२४९१८७७ |
| १७ | खरका कुमारी राई | 063001/1468,2063/10/14सुनसरी | राम बहादुर राई | धरान-13 | 0-0-10धुर | |
| १८ | आशा तमाकार | 063001/1293,2063/10/14सुनसरी | धन बहादुर भुजेल | धरान-13 | 0-0-3धुर | ९८१९०८५२०१ |
| १९ | पंच बहादुर राई | 774/26601261,2038/07/06सुनसरी | हर्क बहादुर राई | धरान-13 | 0-0-5धुर | |
| २० | राजकुमार राई | 15606/6868/044,2058/02/4सुनसरी | हर्क बहादुर राई | धरान-13 | 0-0-3धुर | ९८१९३८४८३३ |
| २१ | ढक बहादुर राई | 4218,2046/3/27सुनसरी | हर्क बहादुर राई | धरान-13 | 0-0-5धुर | ९८४२१७१३७२ |
| २२ | कृष्ण भुजेल | 06-02-76-02935,2076/10/2सुनसरी | टेक बहादुर भुजेल | धरान-13 | 0-0-5धुर | ९८२५३२७३८६ |
| २३ | सनमान श्रेष्ठ | 8574,2041/7/13सुनसरी | रत्न बहादुर श्रेष्ठ | धरान-13 | 0-0-5धुर | ९८४०४५१३६२ |
| २४ | धन बहादुर भुजेल | 7745/10745,2045/10/25सुनसरी | मान बहादुर भुजेल | धरान-13 | 0-0-5.5धुर | ९८४०४५१३६२ |
| २५ | मन बहादुर राई | 1220/52,2045/1/21सुनसरी | जित बहादुर राई | धरान-13 | 0-0-10धुर | ९८४२१६९२१५ |
| २६ | अर्जुन राई | 06/52687,2068/11/28सुनसरी | प्रकाश राई | धरान-13 | 0-0-7धुर | ९८२५३७६७९७ |
| २७ | शोभा तामाङ | 063001/1305,2063/10/14सुनसरी | तुलसिराम तामाङ्ग | धरान-13 | 0-0-5धुर | ९८०८७५५८३१ |
| २८ | धन बहादुर राई | 4615,2046/3/31सुनसरी | विष्णु बहादुर राई | धरान-13 | 0-0-5धुर | |
| २९ | प्रदिप राई | 19373/059/60,2059/8/15सुनसरी | राम बहादुर राई | धरान-13 | 0-0-4.5धुर | ९८१०४०६६७२ |
| ३० | गणेश बहादुर कार्की | 1329,2034/11/26सुनसरी | प्रेम बहादुर कार्की | धरान-13 | 0-0-10धुर | ९८०८७५५८३१ |
| | | | | | | |

# एक वडा एक पूर्वाधारको वडा सिलिंग

१ नं. वडाका लागि रु. ७ लाख

२ नं. वडाका लागि रु. ८ लाख

३ नं. वडाका लागि रु. ७ लाख

४ नं. वडाका लागि रु. ८ लाख

५ नं. वडाका लागि रु. १० लाख

६ नं. वडाका लागि रु. १० लाख

७ नं. वडाका लागि रु. ७ लाख

८ नं. वडाका लागि रु. १० लाख

९ नं. वडाका लागि रु. ७ लाख

१० नं. वडाका लागि रु. १० लाख

११ नं. वडाका लागि रु. १० लाख

१२ नं. वडाका लागि रु. ७ लाख

१३ नं. वडाका लागि रु. १० लाख

१४ नं. वडाका लागि रु. १० लाख

१५ नं. वडाका लागि रु. १८ लाख

१६ नं. वडाका लागि रु. १४ लाख

१७ नं. वडाका लागि रु. १३ लाख

१८ नं. वडाका लागि रु. ८ लाख

१९ नं. वडाका लागि रु. ८ लाख

२० नं. वडाका लागि रु. ८ लाख